# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



आ.व. २०८२/८३ को प्रकाशन

(२०८२ श्रावणदेखि २०८३ असार मसान्तसम्म)


**कर्णाली प्रदेशसभा सचिवालय**

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत नेपाल

# कर्णाली प्रदेशसभा सचिवालय
# कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल
## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**आ.व. २०८२/८३ को प्रकाशन (२०८२ श्रावणदेखि २०८३ असार मसान्तसम्म)**

### १. निकायको परिचय, स्वरूप र प्रकृति

**कर्णाली प्रदेशसभाः**

नेपालको संविधानको धारा ५६ को उपधारा (२) बमोजिम राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले कानूनबमोजिम हुने व्यवस्था रहेको र धारा १७५ बमोजिम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट प्रदेशसभाको गठन हुने प्रावधानबमोजिम नेपालको संविधानको अनुसूची-४ मा उल्लिखित १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रूकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) का ४० जना माननीय सदस्यहरू रहने गरी कर्णाली प्रदेशसभाको गठन हुने प्रावधान छ। नेपालको संविधानबमोजिम गठन भएका ७ वटा प्रदेश मध्ये कर्णाली प्रदेश एक हो। वीरेन्द्रनगर, सुर्खेत राजधानी भएको यस प्रदेशको सिमाना उत्तरमा मित्र राष्ट्र चीन, पश्चिममा सुदूर पश्चिम प्रदेश, दक्षिणमा लुम्बिनी प्रदेश र पूर्वमा गण्डकी प्रदेश रहेको छ।

कर्णाली प्रदेशसभाको पहिलो कार्यकालको पहिलो बैठक २०७४ साल माघ २१ गते बसेको थियो। कर्णाली प्रदेशसभाको पहिलो कार्यकालमा सभामुखमा माननीय राजबहादुर शाही र उपसभामुखमा माननीय पुष्पा घर्ती विष्ट रहनु भएको थियो।

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालमा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट २४ जना, समानुपातिक निर्वाचन प्रणालीबाट १६ जना गरी जम्मा ४० माननीय सदस्यहरू रहनु भएको छ। कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालमा कर्णाली प्रदेशसभामा नेपाली काँग्रेसबाट १४ जना, नेकपा (माओवादी केन्द्र) बाट १३ जना, नेकपा (एमाले)बाट १० जना, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट १ जना, नेकपा (एकीकृत समाजवादी)बाट १ जना र स्वतन्त्रबाट १ गरी जम्मा ४० जना माननीय सदस्यहरूको प्रतिनिधित्व रहेको छ। *(मिति २०८२ मंसिर १९ गते नेपाली कम्युनिष्ट पार्टीको पत्र पत्रबमोजिम (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)) एकीकरण पश्चात् नेपाली कम्युनिष्ट पार्टी भएको।)*

- कर्णाली प्रदेशसभाका माननीय सदस्यज्यूहरूको सपथ मिति २०७९ पौष ११ गते भएको थियो।
- कर्णाली प्रदेशसभाले २०७९ माघ १ गते सभामुखमा माननीय नन्दा गुरूङ्ग र २०७९ माघ ४ गते उपसभामुखमा माननीय यशोदा न्यौपानेलाई निर्वाचित गरेको थियो।

## कर्णाली प्रदेशसभामा सदस्यहरूको प्रतिनिधित्वको अवस्थाः

*जिल्लागत आधारमा प्रतिनिधित्व*

| क्र.सं. | विवरण | प्रत्यक्ष नि. | समानुपातिक नि. | जम्मा |
|---|---|---|---|---|
| १ | सुर्खेत | ४ | ४ | ८ |
| २ | दैलेख | ४ | २ | ६ |
| ३ | जाजरकोट | २ | ० | २ |
| ४ | सल्यान | २ | १ | ३ |
| ५ | रूकुम पश्चिम | २ | ३ | ५ |
| ६ | कालिकोट | २ | २ | ४ |
| ७ | जुम्ला | २ | ० | २ |
| ८ | हुम्ला | २ | ३ | ५ |
| ९ | मुगु | २ | ० | २ |
| १० | डोल्पा | २ | १ | ३ |
| **जम्मा** | | २४ | १६ | ४० |

*राजनीतिक दलको आधारमा प्रतिनिधित्व*

| क्र.सं. | विवरण | प्रत्यक्ष नि. | समानुपातिक नि. | जम्मा |
|---|---|---|---|---|
| १ | नेपाली कांग्रेस | ९ | ५ | १४ |
| २ | नेपाली कम्युनिष्ट पार्टी * | ९ | ५ | १४ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ५ | ५ | १० |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | १ | १ |
| ५ | स्वतन्त्र | १ | ० | १ |
| **जम्मा** | | २४ | १६ | ४० |

- *मिति २०८२ मंसिर १९ गते नेपाली कम्युनिष्ट पार्टीको पत्रबमोजिम (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)) एकीकरण पश्चात् नेपाली कम्युनिष्ट पार्टी भएको।*

*निर्वाचन प्रणालीका आधारमा प्रतिनिधित्व*

| क्र.सं. | विवरण | प्रत्यक्ष नि. | | समानुपातिक नि. | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १ | नेपाली कांग्रेस | ० | ९ | ५ | ० | १४ |
| २ | नेपाली कम्युनिष्ट पार्टी | ० | ९ | ५ | ० | १४ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ० | ५ | ४ | १ | १० |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ० | ० | १ | ० | १ |
| ५ | स्वतन्त्र | ० | १ | ० | ० | १ |
| **जम्मा** | | ० | २४ | १५ | १ | ४० |

**लैङ्गिक प्रतिनिधित्वः**

| क्र.सं. | विवरण | प्रत्यक्ष नि. | समानुपातिक नि. | जम्मा |
|---|---|---|---|---|
| १ | महिला | ० | १५ | १५ |
| २ | पुरुष | २४ | १ | २५ |
| जम्मा | | **२४** | **१६** | **४०** |

**दलगत आधारमा लैङ्गिक प्रतिनिधित्व**

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | नेपाली कांग्रेस | ५ | ९ | १४ |
| २ | नेपाली कम्युनिष्ट पार्टी | ५ | ९ | १४ |
| ३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४ | ६ | १० |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी | १ | ० | १ |
| ५ | स्वतन्त्र | ० | १ | १ |
| **जम्मा** | | **१५** | **२५** | **४०** |

- कर्णाली प्रदेशसभामा २५ पुरुष (२४ प्रत्यक्ष र १ जना समानुपातिक) र १५ जना महिला (सबै समानुपातिक) सांसदको प्रतिनिधित्व रहेको छ।

**सचिवालयको स्वरूप र प्रकृति**

प्रदेशसभाको काम कारबाही सुचारू रूपले सञ्चालन र व्यवस्थापन गर्न कर्णाली प्रदेशसभा सचिवालय सम्वन्धी ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेशसभा सचिवालयको स्थापना भएको छ। सचिवालयले प्रदेशसभा र यसका विषयगत समितिले गरेका निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने कार्य गर्दै आएको छ। त्यसका अलावा सभा, समिति र संसदीय दलका कार्यालयहरूको व्यवस्थापन तथा सभा र समितिको बैठक व्यवस्थापन गर्ने कार्य समेत प्रदेशसभा सचिवालयले गर्दै आएको छ।

## २. प्रदेशसभा सचिवालयको काम, कर्तव्य र अधिकार

कर्णाली प्रदेशसभा सचिवालय सम्वन्धी ऐन, २०७५ को दफा ४ को उपदफा (१) बमोजिम प्रदेशसभा सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशसभा तथा प्रदेशसभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,

(ख) प्रदेशसभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ग) प्रदेशसभा, प्रदेशसभाका समिति र सदस्यलाई तोकिए आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

(घ) प्रदेशसभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ङ) प्रदेशसभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,

(च)　प्रदेशसभाको दलका कार्यालयलाई आवश्यक सेवा, सुविधा उपलब्ध गराउने,

(छ)　संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(ज)　प्रदेशसभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने।

## ३. सचिवालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण


### ३.१ कर्मचारी संख्या

कर्णाली प्रदेशसभा सचिवालयमा कर्मचारीको स्वीकृत दरवन्दी ३४ जना रहेको छ भने हाल कार्यरत कर्मचारीको विवरण तपशिल अनुसार रहेको छ।

### ३.२ दरबन्दी तेरिज

| क्र.सं. | पदको नाम | श्रेणी/तह | सेवा | समूह/उपसमूह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्रदेशसभा सचिव | विशिष्ट | | विशिष्ट | १ |
| २ | अधिकृत | ९/१० तह | | प्रशासन | १ |
| ३ | उप सचिव | रा.प.द्वितीय | न्याय | कानून | १ |
| ४ | अधिकृत | ७/८ तह | | प्रशासन | ३ |
| ५ | लेखा अधिकृत | ७/८ तह | | लेखा | १ |
| ६ | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | १ |
| ७ | सहायक/ अधिकृत | ५/६ तह | प्रशासन | सामान्य प्रशासन | ७ |
| ८ | कम्प्यूटर सहायक/अधिकृत | ५/६ तह | | विविध | २ |
| ९ | कम्प्यूटर सहायक | ४/५ तह | | विविध | २ |
| १० | माईकसञ्चालक | ४/५ तह | | विविध | १ |
| ११ | इलेक्ट्रिसियन | ४/५ तह | | इन्जिनियरिङ्ग | १ |
| १२ | रेकडिङ्ग अपरेटर | ४/५ तह | | विविध | १ |
| १३ | भिडियोग्राफर | ४/५ तह | | विविध | २ |
| १४ | सहायक | ४/५ तह | प्रशासन | प्रशासन | १ |
| १५ | लेखा सहायक | ४/५ तह | प्रशासन | लेखा | १ |
| १८ | ह.स.च. | श्रेणी विहिन | | | ३ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ५ |
| जम्मा | | | | | ३४ |

## ३.३ संगठन संरचना




## ३.४ कार्य विवरण

<u>**महाशाखा/शाखागत कार्यविवरण**</u>

### १. प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा

- सचिवालयको दीर्घकालीन र अल्पकालीन नीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेशसभाका अधिवेशन तथा बैठकहरूको तयारी, सञ्चालन र व्यवस्थापनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।
- सचिवालयको भौतिक पूर्वाधार, सवारी साधन, उपकरण र अन्य जिन्सी सामग्रीहरूको खरिद, मर्मत सम्भार, उपयोग र अभिलेख व्यवस्थापनको समग्र जिम्मेवारी लिने।
- सचिवालय भित्रका प्रशासनिक र व्यवस्थापकीय समस्याहरूको पहिचान गरी समाधानका लागि पहल गर्ने।
- प्रदेश सरकारका मन्त्रालयहरू, संघीय निकायहरू र अन्य सरोकारवालाहरूसँग प्रशासनिक र बैठक व्यवस्थापन सम्बन्धी विषयमा समन्वय र सहकार्य गर्ने।

### क) प्रशासन शाखा

- कर्मचारी भर्ना, पदस्थापन, सरुवा, बढुवा, बिदा व्यवस्थापन, व्यक्तिगत फाइल व्यवस्थापन र अभिलेख।
- सचिवालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र समन्वय।

- फर्निचर, सवारी साधन, उपकरण आदिको खरिद, मर्मत सम्भार र अभिलेख।
- सार्वजनिक बिदा तथा कार्यालय समयको व्यवस्थापन र जानकारी।
- सचिवालय परिसरको सुरक्षा, प्रवेश पास, आगन्तुक व्यवस्थापन।
- शाखाहरूबीच आपसमा समन्वयसम्बन्धी काम गर्ने।
- कर्मचारी प्रशासनसम्बन्धी विषयमा संवैधानिक निकायमन्त्रालय तथा विभागसँग सम्पर्क , तथा समन्वय राख्ने।
- सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिको लागि समिति सचिवालयको रुपमा कार्य गर्ने।
- यसका अतिरिक्त सचिवले तोके बमोजिम अन्य कार्य गर्ने।

**ख) आर्थिक प्रशासन शाखा**

- बजेट तर्जुमा, कार्यान्वयन र निकासाको व्यवस्थापन।
- प्रदेशसभा तथा समितिहरूको बैठकमा माननीय सदस्यहरूको हाजिरीसमेतका आधारमा संसदीय पदाधिकारीहरू लगायत माननीय सदस्यहरूले ऐन, नियमानुसार पाउने पारिश्रमिकसेवा सुविधाका रकम ,हरू प्रदान गर्ने।
- आर्थिक प्रतिवेदन तयार पार्ने र लेखा परीक्षणमा सहयोग।
- कर्मचारीको तलब, भत्तालगायतका आर्थिक भुक्तानीको व्यवस्थापन।
- आर्थिक कारोबारको आन्तरिक नियन्त्रण र अनुगमन।

**ग) सभा व्यवस्थापन शाखा**

- प्रदेशसभाका बैठकहरूको कार्यसूची र निर्णय पुस्तिका तयार पार्ने र वितरण गर्ने।
- बैठकका लागि आवश्यक कागजात तथा सामग्रीको व्यवस्थापन।
- सभा कक्षको व्यवस्थापन र बैठक सञ्चालनका लागि प्राविधिक सहयोग।
- सभाका सदस्यहरू र पदाधिकारीहरूको बैठकसम्बन्धी सुविधा तथा व्यवस्थापन।
- बैठकको सुरक्षा समन्वय।

**घ) कार्य व्यवस्था शाखा**

- कार्यव्यवस्था परामर्श समितिको बैठक सञ्चालन गर्ने,
- कार्यव्यवस्था परामर्श समितिको वैठकमा भएका निर्णयहरू सम्बन्धित निकाय, पदाधिकारी एवं शाखाहरूलाई जानकारी गराउने,
- प्रदेशसभाको दैनिक कार्यसूची (Business Schedule) तयार पार्ने।
- प्रदेशसभाका बैठकहरूमा प्रस्तुत हुने प्रस्ताव, संकल्प, ध्यानाकर्षण, सार्वजनिक महत्वका विषय, जरुरी सार्वजनिक महत्वका प्रस्ताव लगायतका विषयहरूको दर्ता र व्यवस्थापन।
- प्रदेशसभामा सदस्यहरूले सोध्ने प्रश्नहरूको (Oral & Written Questions) दर्ता, सम्बन्धित मन्त्रालय र निकायमा पठाउने र जवाफको व्यवस्थापन।
- सभामुखको निर्देशनानुसार सभाका कार्यहरू व्यवस्थित गर्ने।

**ङ) सूचना प्रविधि शाखा**

- सचिवालयको समग्र सूचना प्रविधि प्रणालीको स्थापना, सञ्चालन र मर्मत सम्भार।
- वेबसाइट व्यवस्थापन र नियमित अपडेट।
- सचिवालयभित्रका विभिन्न शाखामहाशाखाहरूलाई सूचना प्रविधिसम्बन्धी प्राविधिक / सहयोग।
- डिजिटल अभिलेखीकरण प्रणालीको विकास र व्यवस्थापन।

**च) मर्यादापालन शाखा**

- प्रदेशसभा सदस्यहरूको आचारसंहिता (Code of Conduct) को कार्यान्वयनमा सहयोग।
- सचिवालयका कर्मचारीहरूको आचारसंहिता पालनाको अनुगमन र सहजीकरण।
- प्रदेशसभा र सचिवालयको गरिमा कायम राख्न आवश्यक निर्देशन र सहजीकरण।

**२. कानून तथा विधेयक महाशाखा**

- प्रदेश सरकारबाट प्राप्त हुने तथा प्रदेशसभा सदस्यहरूले प्रस्तुत गर्ने विधेयकहरूको मस्यौदामाथि कानूनी राय, विश्लेषण र आवश्यक परिमार्जनका लागि सहयोग गर्ने। विधेयक दर्तादेखि पारित भई प्रमाणीकरणका लागि पठाउनेसम्मको सम्पूर्ण प्रक्रियाको व्यवस्थापन गर्ने।
- प्रदेशसभामा प्रस्तुत भएका विधेयकहरूमाथि हुने छलफल, संशोधन र पारित गर्ने प्रक्रियामा सचिवालयगत सहयोग र सहजीकरण गर्ने।
- प्रदेशसभा अन्तर्गतका विभिन्न विषयगत समितिहरूको गठन, पुनर्गठन, कार्यक्षेत्र निर्धारण र बैठक व्यवस्थापनको समग्र रेखदेख र समन्वय गर्ने। समितिहरूलाई आवश्यक सचिवालयगत सहयोग सुनिश्चित गर्ने।
- नेपालको संविधान, संघीय कानून, अन्य प्रदेशका कानूनहरू र अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन तथा विश्लेषण गरी प्रदेशको कानून निर्माण प्रक्रियालाई अझ सुदृढ बनाउन सहयोग पुर्याउने।
- प्रदेशसभा, सभामुख, उपसभामुख, प्रदेशसभा सदस्यहरू र सचिवालयका अन्य महाशाखाशाखाहरूलाई आवश्यक पर्ने कानूनी राय/, सल्लाह र परामर्श प्रदान गर्ने।
- प्रदेशसभाबाट पारित भएका ऐन, नियम र निर्देशिकाहरूको अभिलेखीकरण, प्रकाशन र अद्यावधिक गर्ने व्यवस्था मिलाउने।
- संसदीय अभ्यास, विधि र प्रक्रियालाई समयानुकूल सुधार तथा विकास गर्नका लागि अध्ययन, अनुसन्धान र सिफारिस गर्ने।

**छ) समिति व्यवस्थापन शाखा**

- प्रदेशसभा अन्तर्गतका विभिन्न समितिहरूको गठन, विघटन र कार्यक्षेत्रको व्यवस्थापन।
- समिति बैठकहरूको कार्यसूची, निर्णय पुस्तिका र प्रतिवेदन तयार गर्न सहजीकरण।
- समितिहरूले गर्ने छलफल, अध्ययन, अनुगमन र निरीक्षण कार्यमा सचिवालयगत सहयोग।
- समितिका सदस्यहरूलाई आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने।

**ज) कानून परामर्श शाखा**

- प्रदेश सरकारले प्रस्तुत गर्ने विधेयकहरूको मस्यौदामाथि कानूनी राय तथा सुझाव प्रदान गर्ने।
- प्रदेशसभा सदस्यहरूले प्रस्तुत गर्ने निजी विधेयकहरू )Private Bill) को मस्यौदामाथि आवश्यक कानूनी परामर्श दिने।
- प्रदेशसभाबाट पारित भएका विधेयकहरूलाई प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालयमा पठाउने प्रक्रियाको व्यवस्थापन।
- प्रदेशसभामा दर्ता भएका संकल्प, प्रस्ताव तथा अन्य कानूनी विषयमाथि कानूनी राय प्रदान गर्ने।
- सचिवालयलाई आवश्यक पर्ने विभिन्न कानूनी विषयमाथि राय, परामर्श र विश्लेषण उपलब्ध गराउने।

## ४. सचिवालयवाट प्रदान गरिने सेवाहरू

स्वीकृत कार्यक्रम, कार्यबोझ र कामको प्रकृतिलाई विश्लेषण गर्दा केहीलाई कर्णाली प्रदेशको प्रदेशसभा सचिवालय सम्बन्धी ऐन, २०७५ ले निर्दिष्ट गरेको छ भने केही कार्यहरू नियमित प्रकृतिका नभई भैपरि रूपमा आउने तथा केही सांयोगिक प्रकृतिका समेत रहेका छन्। खासगरी प्रदेशसभा र समितिको विधायिकी कार्यमा आवश्यक सहयोग गर्ने, प्रदेशसभाका पदाधिकारी तथा सदस्यहरूलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने, प्रदेशसभाको सूचना प्रणालीको प्रभावकारी रूपमा व्यवस्थापन गर्ने, संसदीय अध्ययन तथा अनुसन्धान, सुरक्षा व्यवस्थापन लगायतका कार्यक्रमहरू रहेका छन्। त्यसैगरी सभाको सम्पूर्ण विवरण, संक्षिप्त विवरणको तयारी तथा प्रकाशन, प्रदेश सरकारका तर्फबाट सभामा पेश गर्नका लागि प्राप्त भएका सम्पूर्ण प्रस्तावहरू दर्ता, अभिलेख राख्ने, सभाका समितिको सचिवालयको व्यवस्थापन, सदस्यहरूलाई सभा र समितिसँग सम्बन्धित सूचनाहरू उपलब्ध गराउने, सभा बैठक अवलोकनका लागि सर्वसाधारण जनता, कर्मचारी, जनप्रतिनिधि तथा पत्रकारहरूका लागि प्रवेश पास उपलब्ध गराउने र भैपरी आउने विविध सेवाहरू सचिवालयबाट उपलब्ध गराइँदै आइएका छन्। समग्रमा सचिवालयवाट निम्नानुसारका सेवा प्रदान हुन्छ।

- प्रदेशसभाको प्रशासनिक र आर्थिक विषयमा,
- सचिवालय व्यस्थापन समितिको निर्णयको कार्यान्वयनमा,
- प्रदेश सरकारवाट प्राप्त हुने प्रस्ताव दर्ता गर्ने,
- विरोधको सूचना दर्ता गर्ने,
- संकल्प प्रस्ताव, सार्वजनिक महत्वको प्रस्ताव तथा गैरसरकारी विधेयकको दर्तासम्बन्धी सेवा,
- प्रदेशसभाका विभिन्न समितिको सचिवालयको रूपमा सेवा प्रदान गर्ने,
- प्रदेशसभा सदस्यलाई सूचना प्रदान गर्ने,
- अन्य भैपरी आउने विविध सेवा।

## ५. सचिवालयका शाखा, इकाई र जिम्मेवार अधिकारी

| महाशाखा तथा शाखा | जिम्मेवार अधिकारी |
|---|---|
| प्रदेशसभा र सचिवालय | श्री डा. अर्जुन कुमार खड्का |
| प्रशासन तथा बैठक व्यवस्थापन महाशाखा | श्री नेत्रबहादुर कार्की |
| कानून तथा विधेयक महाशाखा | श्री अर्जुन भुसाल *(हाल अध्ययन विदामा)* |
| विधेयक शाखा | श्री मदन खड्का |
| कार्यव्यवस्था शाखा | श्री राजेन्द्र पौडेल |
| प्रशासन शाखा | श्री आशिष राई |
| सभा व्यवस्थापन शाखा | श्री निर्मला पौडेल |
| आर्थिक प्रशासन शाखा | श्री सुरेन्द्र प्रसाद न्यौपाने |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी

सर्वसाधारण जनतालाई दैनिक जनजीविका सञ्चालनमा प्रत्यक्ष प्रभाव पार्ने खालका कुनै पनि सेवा प्रवाह नहुने तथा प्रदेशसभा सचिवालयबाट उपलब्ध गराईने सेवाहरूका सम्बन्धमा प्रचलित कानून बाहेक कुनै पनि दस्तुर लाग्दैन।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रचलित कानूनमा व्यवस्था भएको प्रक्रिया अनुसार निर्णय हुने र निर्णय गर्ने अधिकारी प्रदेशसभा सचिव।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेशसभा सचिव श्री डा. अर्जुन कुमार खड्का

## ९. सम्पादन गरेको कामको विवरण

- दैनिक प्रशासनिक कार्यहरू सम्पादन भएको।

## ९.१ <u>विषयगत समितिहरूबाट सम्पादित कार्यहरू</u> (बैठक संख्या र पारित भएका विधेयकहरूको विवरण)

## प्रदेश मामिला समितिः

- असार मसान्तसम्म बसेको बैठक संख्याः ११०
- समितिबाट पारित विधेयक संख्याः ६ वटा
- समितिबाट हालसम्म पारित भएका विधेयकको विवरणः

| क्र.सं. | विधेयकको नाम | समितिमा गएको मिति | समितिबाट सभामा पेश भएको मिति | सभाबाट पारित |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०१/०१ | २०८०/०३/२६ | २०८०/०४/०८ |
| २ | कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०५/०८ | २०८०/०६/२२ | २०८०/०६/२२ |
| ३ | स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/०३/२८ | २०८१/०६/१५ | २०८१/०६/२९ |
| ४ | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०५/०८ | २०८१/१२/०३ | २०८१/१२/०५ |
| ५ | कर्णाली प्रदेश निजामती सेवा (पहिलो संशोधन) विधेयक, २०८१ | २०८१/११/१३ | २०८१/१२/१८ | २०८१/१२/१८ |
| ६ | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक | २०८२/०३/११ | २०८२/०३/३२ | २०८२/०४/०६ |

## प्रदेश मामिला समितिमा विचाराधिन विधेयकको विवरणः

| क्र. सं | विधेयकको नाम | सचिवालयमा दर्ता भएको मिति | सभामा टेबुल भएको मिति | सैद्धान्तिक छलफल सकिएको मिति | समितिमा प्राप्त भएको मिति |
|---|---|---|---|---|---|
| १ | कर्णाली आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०३/१६ | २०८२/०३/२२ | २०८२/०३/२४ | २०८२/०३/३० |

## सार्वजनिक लेखा समितिः

- असार मसान्तसम्म बसेको बैठक संख्याः ९४
- महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१ (कर्णाली प्रदेश) माथि छलफल भई तयार गरिएको सार्वजनिक लेखा समितिको निर्णयसहितको प्रतिवेदन सभामा पेश भइ स्वीकृत भएको।
- महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ (कर्णाली प्रदेश) छलफलको क्रममा रहेको।

## अर्थ तथा प्राकृतिक स्रोत समितिः

- असार मसान्तसम्म बसेको बैठक संख्याः ८२
- समितिबाट पारित विधेयक संख्याः ४ वटा
- समितिबाट हालसम्म पारित भएका विधेयकको विवरणः

| क्र.सं. | विधेयकको नाम | समितिमा गएको मिति | समितिबाट सभामा पेश भएको मिति | सभाबाट पारित |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०४/२९ | २०८१/१२/०७ | २०८१/१२/०८ |
| २ | कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ | २०८१/१०/२५ | २०८१/११/२५ | २०८१/११/२६ |
| ३ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/११/०८ | २०८१/१२/०३ | २०८१/१२/०४ |
| ४ | कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/११/०४ | २०८३/०३/२२ | पारित हुन बाँकी |

## अर्थ तथा प्राकृतिक स्रोत समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयहरूमा गरेको कार्यक्रमहरू

- मिति २०८२ भाद्र १२ गतेदेखि १८ गतेसम्म अर्थ तथा प्राकृतिक स्रोत समितिबाट संघीय संसद प्रतिनिधिसभाको अर्थ समितिसँग र प्राकृतिक स्रोत तथा वित्त आयोगसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।
- मिति २०८३/०३/२४ गते गण्डकी प्रदेशसभा र मिति २०८३/०३/२५ गते बागमती प्रदेश सभाअन्तर्गतका सम्बन्धित विषयगत समितिहरूसँग अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न गरियो।

## सामाजिक विकास समितिः

- असार मसान्तसम्म बसेको बैठक संख्याः १०६
- समितिबाट पारित विधेयक संख्याः ५ वटा
- समितिबाट पारित भएका विधेयकको विवरणः

| क्र.सं. | विधेयकको नाम | समितिमा गएको मिति | समितिबाट सभामा पेश भएको मिति | सभाबाट पारित |
|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८०/०१/१७ | २०८१/१२/०३ | २०८१/१२/०६ फिर्ता भएको |
| २ | दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/०३/२८ | २०८१/१२/०६ | २०८१/१२/०७ |
| ३ | कर्णाली प्रदेश बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | २०८१/११/२१ | २०८१/१२/११ | २०८१/१२/१२ |
| ४ | *कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐनको कानून कार्यान्वयन मापन सम्वन्धी अध्ययन अनुसन्धान गरी सभा समक्ष प्रतिवेदन पेश गरेको* | *मिति २०८१ फागुन ५ गते सभामा पेश भएको।* | | |
| ५ | कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०३/२७ | २०८२/०४/२१ | २०८२/०५/०५ |
| ६ | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०३/२७ | २०८२/१२/०६ | २०८२/१२/१० |

## सामाजिक विकास समितिमा विचाराधिन विधेयकको विवरणः

| क्र. सं | विधेयकको नाम | सचिवालयमा दर्ता भएको मिति | सभामा टेबुल भएको मिति | सैद्धान्तिक छलफल सकिएको मिति | समितिमा प्राप्त भएको मिति |
|---|---|---|---|---|---|
| १ | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८२/११/१४ | २०८२/१२/०५ | २०८२/१२/६ | २०८२/१२/१५ |

## सामाजिक विकास समितिको कार्यक्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँग गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू

- मिति २०८० साल जेठ १८ गते बिहीवार कर्णालीमा भूमिसम्वन्धी समस्या र समाधानका उपाय सम्वन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम,
- मिति २०८० साल असार ८ गते शुक्रवार बालअधिकार संरक्षण प्रणाली र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हेरचाह सम्वन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम,

- मिति २०८० भाद्र १६ गते शनिवार छोरी-बुहारी छात्रवृत्ति कार्यक्रम सम्वन्धमा सरोकारवालाहरूसँग छलफल,
- मिति २०८० असोज २५ गते बिहीवार लैङ्गिक समानता तथा मानवअधिकार प्रभाव विश्लेषणसम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- मिति २०८० पौष १४ गते शनिवार कर्णालीमा बालविवाहको अवस्था र बालविवाह न्यूनीकरणमा हाम्रो भूमिका विषयक सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम,
- मिति २०८० माघ २२ गते सोमबार कानूनको उत्तरविधायिकी परीक्षण सम्वन्धी कार्यविधि एवम् प्रक्रियाका सम्वन्धमा प्रशिक्षण कार्यक्रम,
- मिति २०८१ जेठ १२ गते शनिवार कानूनको उत्तर विधायिकी परीक्षणका विविध पक्षहरू सम्बन्धमा अभिमुखीकरण कार्यक्रम,
- मिति २०८१ जेठ २७ गते आइतवार कर्णालीमा लैङ्गिक हिंसाको स्वरूप र न्यूनीकरणमा सरोकारवालाहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम,
- मिति २०८१ चैत्र २१ गते कोशी प्रदेशसभा, सामाजिक विकास समितिसँग अनुभव आदान-प्रदान कार्यक्रम,
- २०८२ वैशाख ४ गते बिहीबार कर्णाली प्रदेशसभा, सामाजिक विकास समिति र बागमती प्रदेशसभा, शिक्षा, स्वास्थ्य तथा कृषि समितिबीच अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम,
- २०८२ वैशाख २९ गते सोमवार कर्णाली प्रदेशसभा, सामाजिक विकास समिति र गण्डकी प्रदेशसभा, सामाजिक विकास समितिबीच अनुभव आदान-प्रदान तथा अन्तरक्रिया कार्यक्रम,
- २०८२ वैशाख २८ गते आइतबार कर्णाली प्रदेशमा बाल संरक्षणको अवस्था, प्रयास र आगामी प्राथमिकता विषयक अन्तरक्रिया कार्यक्रम,
- २०८२ असार ६ गते शुक्रबार राउटे समुदायको मौलिक पहिचानलाई संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूतिलगायतका विषयमा सरोकारवालाहरूसँग गरिएको अन्तरक्रिया कार्यक्रम,
- २०८२ असार २६ गते राउटे समुदायको बसाइ रहेको क्षेत्र लेकबेशी नगरपालिका वडा नं. १०, झुप्राखोलामा स्थलगत अध्ययन, अवलोकन भ्रमण गरेको थियो,
- मिति २०८२ श्रावण १६ गते शुक्रबार "कर्णाली प्रदेशमा लैङ्गिक समानता र लैङ्गिक हिंसा रोकथामका लागि सामाजिक मूल्य-मान्यताको रुपान्तरणसम्बन्धी संवाद कार्यक्रम,
- ुमिति २०८२ श्रावण १६ गते शुक्रबार कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकुका विषयमा सरोकारवाला निकायहरू, संशोधन प्रस्ताव पेस गर्नुभएका माननीय सदस्यज्यू तथा कृषि मन्त्रालयका सचिवज्यूसहित सम्बन्धित पक्षहरूसँग विधेयकमा समावेश प्रावधानहरू, प्रस्तावित संशोधनहरू र तिनका सम्भावित प्रभावहरूबारे छलफल/ अन्तरक्रिया कार्यक्रम।
- मिति २०८२ पौष ७ गतेदेखि ११ गतेसम्म सामाजिक विकास समितिबाट संघीय संसद, राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिसँग उत्तरविधायिकी परीक्षण (Post-Legislative Scrutiny–PLS) का विषयमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो। उक्त अन्तरक्रियाको प्रमुख उद्देश्य संघीय तहमा अवलम्बन गरिएको उत्तरविधायिकी परीक्षणको अवधारणा, प्रक्रिया, चरणगत कार्यविधि, अभ्यास

तथा अनुभवहरूबाट सिकाइ हासिल गरी प्रदेश तहमा PLS लाई व्यवस्थित, प्रमाणमा आधारित र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक मार्गदर्शन सम्वन्धमा छलफल भएको थियो।

- मिति २०८३ साल जेठ ६ गते "कर्णाली प्रदेशका हानिकारक सामाजिक मूल्य–मान्यता न्यूनीकरणका सवालमा आगामी नीति तथा कार्यक्रमको प्राथमिकता सम्बन्धमा अन्तरक्रिया कार्यक्रम" सम्पन्न भएको थियो।
- मिति २०८३ साल असार १० गते "कर्णाली प्रदेशमा शिक्षा तथा स्वास्थ्य अधिकार सुनिश्चितताका लागि आवश्यक कानून निर्माण" विषयक छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

## ९.२ सभाबाट सम्पादन भएका केही संक्षिप्त कार्यहरूको विवरण: (दोस्रो कार्यकालको)

**पहिलो अधिवेशन**

- कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनको पहिलो बैठक २०७९ पौष १८ मा बसेको थियो।
- पहिलो बैठकको अध्यक्षता जेष्ठ सदस्य माननीय विनोदकुमार शाहज्यूको अध्यक्षतामा बसेको थियो।
- दोस्रो बैठकको अध्यक्षता जेष्ठ सदस्य माननीय हिक्मतबहादुर विष्टज्यूको अध्यक्षतामा बसेको थियो। *(माननीय विनोदकुमार शाह- आर्थिक मामिला तथा योजना मन्त्रीमा नियुक्त हुनुभएकाले उहाँ पछिको जेष्ठ सदस्य)*
- कर्णाली प्रदेशसभाले २०७९ माघ १ गते सभामुखमा माननीय नन्दा गुरूङ्ग र २०७९ माघ ४ गते उपसभामुखमा माननीय यशोदा न्यौपानेलाई निर्वाचित गरेको थियो।
- २०८० वैशाख १० गते आइतवार बसेको सभाको पहिलो अधिवेशनको १३ औं बैठकबाट कार्यव्यवस्था परामर्श समितिमा रहने माननीय सदस्यहरू तोकिएको।
- २०८० जेठ १७ गते आइतवार बसेको सभाको पहिलो अधिवेशनको १५ औं बैठकबाट विषयगत समितिमा रहने माननीय सदस्यहरू तोकिएको।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभाबाट पारित भई प्रमाणिकरण भएको थियो।
- महालेखा परीक्षकको पाँचौं वार्षिक प्रतिवेदन सभामा पेश भएको थियो।
- आ.व. २०८०/०८१ को बजेटमाथि छलफल र पारित भएको थियो।
- कर्णाली प्रदेश खेलकूद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सभासमक्ष सामान्य छलफलपश्चात् प्राप्त संशोधनसहित दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाउने कार्य सम्पन्न भएको थियो।

- कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सभामा सामान्य छलफलपश्चात् प्राप्त संशोधनसहित दफावार छलफलका लागि अर्थ तथा प्राकृतिक स्रोत समितिमा पठाउने कार्य सम्पन्न भएको थियो।
- कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० सभामा सामान्य छलफलपश्चात् प्राप्त संशोधनसहित दफावार छलफलका लागि प्रदेश मामिला समितिमा पठाउने कार्य सम्पन्न भएको थियो।

**दोस्रो अधिवेशन**

- कर्णाली प्रदेशसभाको दोस्रो अधिवेशनको पहिलो बैठक मिति २०८० साल जेठ १० गते बसेको थियो।
- मिति २०८० साल जेठ १४ गते सभाका विषयगत समितिहरूको सभापतिको निर्वाचन सम्पन्न भई सभाका विषयगत समितिहरूले पूर्णता पाएका थिए।
- मिति २०८० साल जेठ २१ गते सभाको पाँचौं बैठकमा माननीय प्रदेश प्रमुखज्यूले सभालाई सम्बोधन गर्नुभएको थियो।
- सभामा प्राप्त भएका प्रदेश सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८०, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभाबाट पारित भएका थिए।
- कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० विषयगत समितिहरूमा विचाराधिन अवस्थामा रहेका थिए।

**तेस्रो अधिवेशन**

- कर्णाली प्रदेशसभाको तेस्रो अधिवेशनको पहिलो बैठक मिति २०८० साल फागुन ३० गते बसेको थियो।
- मिति २०८० साल चैत्र ९ गते बसेको बैठकमा सार्वजनिक लेखा समितिबाट महालेखापरीक्षकको आ.व. २०७४/०७५ देखि आ.व. २०७८/०७९ सम्मको वार्षिक प्रतिवेदनमाथि छलफल भई तयार गरिएको निर्णयसहितको समितिको प्रतिवेदन सभामा पेश भएको।
- मिति २०८० साल चैत १२ गते बसेको सभाको तेस्रो बैठकमा सार्वजनिक लेखा समितिको "महालेखापरीक्षकको बेरूजुका विषयमा भएका काम कारबाहीहरूको सम्बन्धमा सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८०" सभाले स्वीकृत गरेको थियो।

- मिति २०८० साल चैत १६ गते बसेको सभाको चौंथो बैठकमा "कर्णाली प्रदेशसभा नियमावली, २०७९ संशोधन समिति"को कार्यावधि थपका लागि नियमावली संशोधन समितिका सभापति माननीय हिक्मतबहादुर बिष्टले राख्नुभएको प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भएको थियो।
- मिति २०८० साल चैत २१ गते बसेको सभाको छैंठौं बैठकमा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री राजकुमार शर्माले नेपालको संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेशसभाको विश्वास छ भनी विश्वासको मत लिनका लागि सूचना दिनुभएकोमा प्रदेशसभाबाट विश्वासको मत नलिई राजीनामा दिने भनी सभासमक्ष जानकारी गराउनु भएको थियो।
- मिति २०८० साल चैत २९ गते बसेको सभाको सातौं बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट मिति २०८० साल चैत २८ गते बुधबारका दिन माननीय मुख्यमन्त्री यामलाल कडेलले मुख्यमन्त्री पदको पद तथा गोपनीयताको सपथ लिनुभएको व्यहोराको मन्त्रिपरिषद् गठन सम्बन्धी पत्र प्राप्त भई सभामा जानकारी गराइएको थियो।
- मिति २०८१ साल बैशाख १३ गते बसेको सभाको दशौं बैठकमा माननीय मुख्यमन्त्री यामलाल कडेलले सभाबाट विश्वासको मत प्राप्त गर्नुभएको थियो।
- कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० विषयगत समितिहरूमा विचाराधिन अवस्थामा रहेका छन्। साथै मिति २०८० फागुन १५ गते कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सचिवालयमा दर्ता भएको थियो।
- चालु अधिवेशनको आजसम्म जम्मा ११ वटा बैठक बसी १२ घण्टा ५६ मिनेट ५० सेकेण्ड व्यतित भएको थियो।

**<u>चौथो अधिवेशन</u>**

यस अधिवेशनमा सभाले सम्पादन गरेका प्रमुख कार्यहरू यसप्रकार छन्ः-

- कर्णाली प्रदेशसभाको चौथो अधिवेशनको पहिलो बैठक मिति २०८१ साल जेठ ११ गते बसेको थियो।
- मिति २०८१ साल जेठ १६ गते 'कर्णाली प्रदेशसभा नियमावली, २०७९ संशोधन समिति"को कार्यावधि थपका लागि नियमावली संशोधन समितिका सभापति माननीय हिक्मतबहादुर बिष्टले राख्नुभएको प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भएको थियो।
- मिति २०८१ साल जेठ १२ गते विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सभासमक्ष पेश भई मिति २०८१ साल जेठ १६ गते छलफल समाप्त भएको थियो।

- मिति २०८१ साल जेठ २३ गते बसेको सभाको छैंठौं बैठकमा माननीय प्रदेश प्रमुख तिलक परियारले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्नुभएको थियो। सभाको मिति २०८१ साल जेठ २३ गते नै बसेको सातौं बैठकमा कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट सम्बोधन भएको नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री यामलाल कडेलले टेबुल गर्नु भएको थियो र सोही बैठकमा उहाँलाई सभाको तर्फबाट धन्यवाद ज्ञापनको प्रस्ताव पारित भएको थियो।
- मिति २०८१ साल जेठ २६ गते बसेको सभाको नवौं बैठकमा कर्णाली प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम सभाबाट पारित भएको थियो।
- मिति २०८१ साल असार १ गते बसेको सभाको दशौं बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय महेन्द्र के.सी.ले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) सभासमक्ष पेश गरी एघारौं बैठकमा टेबुल गर्नुभएको थियो।
- मिति २०८१ साल असार ३ गते बसेको सभाको बाह्रौं बैठकमा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री यामलाल कडेलले 'स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सभासमक्ष टेबुल गर्नुभएको थियो। यसैगरी कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट)माथि सामान्य छलफल गरियोस् भनी कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय महेन्द्र केसीले सभासमक्ष राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भई छलफल प्रारम्भ भएको थियो।
- मिति २०८१ साल असार ५ गते बसेको सभाको चौंधौं बैठकमा कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय वीरबहादुर शाहीले "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबर्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" टेबुल गर्नुभएको थियो।
- मिति २०८१ साल असार १७ गते बसेको सभाको सत्रौं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय महेन्द्र के.सी.ले "कर्णाली प्रदेश विनियोजन विधेयक, २०८१ विचार गरियोस्" भनी राख्नुभएको प्रस्ताव पारित भएको थियो।
- मिति २०८१ साल असार २१ गते बसेको सभाको एक्काइसौं बैठकमा "कर्णाली प्रदेश विनियोजन विधेयक, २०८१" र "कर्णाली प्रदेश आर्थिक विधेयक, २०८१" पारित भएको थियो।
- मिति २०८१ साल असार २२ गते बसेको सभाको बाइसौं बैठकमा कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री यामलाल कडेलले "महालेखापरीक्षकको छैंटौं वार्षिक प्रतिवेदन, २०८१ (कर्णाली प्रदेश)" सभामा पेश गर्नुभएको थियो।

- मिति २०८१ साल असार २८ गते बसेको सभाको चौबिसौं बैठकबाट "स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश मामिला समितिमा र "दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रबद्र्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सामाजिक विकास समितिमा दफावार छलफल गर्न पठाइएको थियो। यसैगरी प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति र सामाजिक विकास समितिका वार्षिक प्रतिवेदनहरू सभामा पेश भएका थिए।
- मिति २०८१ साल साउन २१ गते बसेको सभाको छब्बिसौं बैठकमा माननीय मुख्यमन्त्री यामलाल कडेलले सभाबाट विश्वासको मत प्राप्त गर्नुभएको थियो।
- मिति २०८१ साल साउन २८ गते बसेको सभाको सत्ताइसौं बैठकमा विषयगत समितिमा रहनुहुने माननीय सदस्यहरूको मनोनयन गरिएको थियो।
- मिति २०८१ साल असोज १२ गते बसेको सभाको अठ्ठाइसौं बैठकमा विषयगत समितिमा रहनुहुने माननीय सदस्यहरूको मनोनयन गरिएको थियो।
- मिति २०८१ साल असोज १३ गते बसेको सभाको उनान्तिसौं बैठकमा कर्णाली प्रदेशसभा नियमावली, २०७९ लाई संशोधन गर्न गठित नियमावली संशोधन समितिका सभापति माननीय हिक्मतबहादुर बिष्टले नियमावली संशोधन समितिको प्रतिवेदन पेश गर्नुभएको थियो।
- मिति २०८१ साल असोज १४ गते बसेको सभाको तीसौं बैठकमा नियमावली संशोधन समितिको प्रतिवेदनमाथि छलफल भई पारित भएको थियो।
- मिति २०८१ साल असोज १५ गते बसेको सभाको एकतिसौं बैठकमा "स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"माथि प्रदेश मामिला समितिको प्रतिवेदन पेश भई सभाको बत्तीसौं बैठकमा छलफलपश्चात् पारित भएको थियो।
- चालु अधिवेशनको आजसम्म जम्मा ३३ वटा बैठक बसी ४६ घण्टा १५ मिनेट व्यतित भएको थियो।

**पाँचौं अधिवेशन**

यस अधिवेशनमा सभाले सम्पादन गरेका प्रमुख कार्यहरू यसप्रकार छन्ः-

- कर्णाली प्रदेशसभाको पाँचौं अधिवेशनको पहिलो बैठक मिति २०८१ साल माघ ७ गते बसेको थियो।
- मिति २०८१ साल माघ ८ गते बसेको सभाको दोस्रो बैठकले कर्णाली प्रदेशसभाका विषयगत समितिहरू अर्थ तथा प्राकृतिक स्रोत समिति, सार्वजनिक लेखा समिति र सामाजिक विकास समितिका सभापतिको निर्वाचन मिति २०८१ माघ १० गते बिहीबार बेलुका ५:०० बजे हुने गरी तोकेको थियो।

- मिति २०८१ साल माघ ८ गते बसेको सभाको दोस्रो बैठकमा 'कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' टेबुल भएको थियो।
- मिति २०८१ साल माघ १० गते बसेको सभाको तेस्रो बैठकमा 'कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' टेबुल भएको थियो।
- मिति २०८१ साल माघ २५ गते बसेको सभाको छैठौं बैठकबाट 'कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अर्थ तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८१ साल माघ २७ गते बसेको सभाको सातौं बैठकमा 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' टेबुल भएको थियो।
- मिति २०८१ साल फागुन ४ गते बसेको सभाको आठौं बैठकमा 'कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अर्थ तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८१ साल फागुन ८ गते बसेको सभाको नवौं बैठकमा 'कर्णाली प्रदेश स्वास्थ्य सेवा ऐन, २०७८ को उत्तर-विधायिकी परीक्षण अध्ययन प्रतिवेदन, २०८१' सभामा पेश भएको थियो। यसैगरी 'कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक' पनि टेबुल भएको थियो। यसैगरी 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' अर्थ तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८१ साल फागुन ९ गते बसेको सभाको दशौं बैठकमा 'कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' टेबुल भएको थियो।
- मिति २०८१ साल फागुन १३ गते बसेको सभाको बाह्रौं बैठकमा 'कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक' प्रदेश मामिला समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८१ साल फागुन २१ गते बसेको सभाको तेह्रौं बैठकमा 'कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८१ साल फागुन २३ गते बसेको सभाको चौधौं बैठकमा सम्मानननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सभालाई सम्बोधन गर्नुभएको थियो।
- मिति २०८१ साल फागुन २५ गते बसेको सभाको पन्ध्रौं बैठकमा 'कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन पेश भएको थियो।

- मिति २०८१ साल फागुन २६ गते बसेको सभाको सोह्रौं बैठकबाट 'कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८१ साल चैत ३ गते बसेको सभाको उन्नाइसौं बैठकबाट 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन पेश भएको थियो। यसैगरी 'कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि प्रदेश मामिला समितिको प्रतिवेदन पेश भएको थियो। यसैगरी 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक' माथि सामाजिक विकास समितिको प्रतिवेदन पेश भएको थियो।
- मिति २०८१ साल चैत ४ गते बसेको सभाको बीसौं बैठकबाट 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८१ साल चैत ५ गते बसेको सभाको एक्काइसौं बैठकबाट 'कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८१ साल चैत ६ गते बसेको सभाको बाइसौं बैठकमा 'दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि सामाजिक विकास समितिको प्रतिवेदन पेश भएको थियो। यसैगरी 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई पहिलो संशोधन गर्न बनेको विधेयक' सभाबाट सर्वसम्मतिले फिर्ता भएको थियो।
- मिति २०८१ साल चैत ७ गते बसेको सभाको तेइसौं बैठकमा 'कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि अर्थ तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन पेश भएको थियो। यसैगरी 'दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८१ साल चैत ८ गते बसेको सभाको चौबिसौं बैठकमा 'कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८१ साल चैत ११ गते बसेको सभाको पच्चीसौं बैठकमा 'कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सामाजिक विकास समितिको प्रतिवेदन पेश भएको थियो।
- मिति २०८१ साल चैत १२ गते बसेको सभाको छब्बिसौं बैठकबाट महालेखापरीक्षकको बेरूजुका सम्बन्धमा भएका काम कारबाहीहरूको सम्बन्धमा सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८१ सर्वसम्मतिले स्वीकृत भएको थियो। यसैगरी 'कर्णाली प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८१ साल चैत १७ गते बसेको सभाको उनान्तिसौं बैठकमा 'स्थानीय सेवा (गठन तथा सञ्चालन) सेवा ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक' टेबुल भएको थियो।

- आज मिति २०८१ साल चैत १८ गते बसेको सभाको तिसौं बैठकमा 'कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक' माथि प्रदेश मामिला समितिको प्रतिवेदन पेश भई सभाको एकतीसौं बैठकमा छलफलपश्चात् पारित भएको थियो।
- पाँचौं अधिवेशनमा जम्मा ३१ वटा बैठक बसी ३६ घण्टा १ मिनेट २५ सेकेण्ड व्यतित भएको थियो।

**छैटौं अधिवेशन**

यस अधिवेशनमा सभाले सम्पादन गरेका प्रमुख कार्यहरू यसप्रकार छन्ः-

- कर्णाली प्रदेशसभाको छैंटौं अधिवेशनको पहिलो बैठक मिति २०८२ साल बैशाख २८ गते बसेको थियो।
- मिति २०८२ साल बैशाख ३० गते बसेको सभाको दोस्रो बैठकबाट 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक' सभाबाट फिर्ता भएको थियो।
- मिति २०८२ साल बैशाख ३१ गते बसेको सभाको तेस्रो बैठकमा 'विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता' सभा समक्ष टेबुल भएको थियो।
- मिति २०८२ साल जेठ ४ गते बसेको सभाको पाँचौं बैठकमा 'विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता' माथिको छलफल समाप्त भएको थियो।
- मिति २०८२ साल जेठ १८ गते बसेको सभाको सातौं बैठकमा 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक' र 'कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' टेबुल भएको थियो। यसैगरी माननीय हिक्मतबहादुर बिष्टले 'कर्णाली राजमार्गमा लामा तथा छोटा दूरीमा चल्ने यातायातको दुर्घटना अत्यधिक मात्रामा बढी व्यापक रुपमा धनजनको क्षति भइरहेको हुँदा सडक सुरक्षा कार्ययोजना पूर्णरुपमा लागू गरी स्थल यात्रालाई सुरक्षित बनाउन अत्यावश्यक भएको' विषयमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो र उक्त प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्री माननीय शेरबहादुर बुढाले दिनुभएको थियो।
- मिति २०८२ साल जेठ १९ गते बसेको सभाको आठौं बैठकमा माननीय मुख्यमन्त्री यामलाल कडेलले 'महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ (कर्णाली प्रदेश) सभासमक्ष पेश गर्नुभएको थियो।
- मिति २०८२ साल जेठ २१ गते बसेको सभाको नवौं बैठकमा माननीय प्रदेश प्रमुख नजिर मियाँले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्नुभएको थियो र दशौं बैठकमा माननीय प्रदेश प्रमुख नजिर मियाँले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्नुभएकोमा सभाले उहाँलाई धन्यवाद ज्ञापनको प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो।

- मिति २०८२ साल जेठ २३ गते बसेको सभाको एघारौं बैठकमा 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक'माथि सामान्य छलफल भएको थियो। यसैगरी 'प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम'माथि छलफल भएको थियो।
- मिति २०८२ साल जेठ २५ गते बसेको सभाको बाह्रौं बैठकबाट 'प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम' बहुमतले पारित भएको थियो।
- मिति २०८२ साल जेठ २६ गते बसेको सभाको तेह्रौं बैठकमा 'कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सभामा टेबुल भएको थियो। यसैगरी 'कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि सामान्य छलफल भएको थियो।
- मिति २०८२ साल असार १ गते बसेको सभाको चौंधौं बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय राजीव विक्रम शाहले 'कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट)' प्रस्तुत गर्नुभएको थियो।
- मिति २०८२ साल असार ५ गते बसेको सभाको पन्ध्रौं बैठकमा 'कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट), कर्णाली प्रदेश आर्थिक विधेयक, २०८२ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०८२' सभासमक्ष टेबुल भएको थियो।
- मिति २०८२ साल असार ११ गते बसेको सभाको सत्रौं बैठकबाट 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक' प्रदेश मामिला समिति र 'कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८२ साल असार १३ गते बसेको सभाको उन्नाइसौं बैठकबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय राजीव विक्रम शाहले 'कर्णाली प्रदेश विनियोजन विधेयक, २०८२' विचार गरियोस् भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८२ साल असार २० गते बसेको सभाको पच्चिसौं बैठकबाट 'विशेष प्रस्ताव सहित कर्णाली प्रदेश विनियोजन विधेयक, २०८२, कर्णाली प्रदेश आर्थिक विधेयक, २०८२ तथा आर्थिक वर्ष २०८२/०८३ को समग्र बजेट' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८२ साल असार २२ गते बसेको सभाको छब्बिसौं बैठकमा 'कर्णाली आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सभा समक्ष टेबुल भएको थियो। यसैगरी 'कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'माथि सामान्य छलफल भएको थियो।
- मिति २०८२ साल असार २४ गते बसेको सभाको सत्ताइसौं बैठकमा 'कर्णाली आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि सामान्य छलफल भएको थियो।

- मिति २०८२ साल असार २७ गते बसेको सभाको अठ्ठाइसौं बैठकबाट 'कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८२ साल असार ३० गते बसेको सभाको उनान्तिसौं बैठकमा 'कर्णाली आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेश मामिला समितिमा दफावार छलफलका लागि पठाइएको थियो।
- मिति २०८२ साल असार ३२ गते बसेको सभाको तिसौं बैठकमा 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक'माथि प्रदेश मामिला समितिको प्रतिवेदन पेश भएको थियो भने एकतिसौं बैठकबाट 'स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो।
- मिति २०८२ साल साउन १५ गते बसेको सभाको बत्तिसौं बैठकमा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समितिको वार्षिक प्रतिवेदन पेश भएको थियो।
- मिति २०८२ साल साउन २१ गते बसेको सभाको तेतिसौं बैठकमा 'कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि सामाजिक विकास समितिको प्रतिवेदन पेश भई आजै सभाको चौतिसौं बैठकमा छलफलपश्चात् पारित भएको थियो।
- मिति २०८२ साल साउन २१ गते छैटौं अधिवेशन समापन भएको थियो। छैटौं अधिवेशनमा जम्मा ३४ वटा बैठक बसी ६४ घण्टा ४२ मिनेट ४० सेकेण्ड व्यतित भएको थियो।

**सातौं अधिवेशन**

यस अधिवेशनमा सभाले सम्पादन गरेका प्रमुख कार्यहरू यसप्रकार छन्ः-

- कर्णाली प्रदेशसभाको सातौं अधिवेशनको पहिलो बैठक मिति २०८२ साल माघ १८ गते बसेको थियो ।
- मिति २०८२ साल माघ २२ गते सभाको तेस्रो बैठकमा माननीय मुख्यमन्त्रीले सरकारको धारणा राखुभएको थियो ।
- मिति २०८२ साल चैत ५ गते बसेको सभाको पाँचौं बैठकमा कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय घनश्याम भण्डारीले ‘कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक’ टेबुल गर्नुभएको थियो । साथै सामाजिक विकास समितिका सभापति माननीय पूर्णबहादुर खत्रीले ‘कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ माथि समितिको प्रतिवेदन सभासमक्ष पेश गर्नुभएको थियो ।
- मिति २०८२ साल चैत ६ गते बसेको सभाको छैंठौं बैठकमा कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय घनश्याम भण्डारीले विशेष समयमा माननीय सदस्यहरुले उठाउनुभएका सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित विषयमा जवाफ दिनुभएको थियो ।

माननीय हिक्मतबहादुर बिष्टले 'कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर, सुर्खेतबाट प्रदेशका पहाडी तथा दुर्गम जिल्लामा नियमित हवाई सेवा सञ्चालन गर्ने सम्बन्धमा' संकल्प प्रस्ताव पेश गर्नुभएको थियो भने उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित भएको थियो । यसैगरी 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक' माथि सामान्य छलफल भएको थियो ।

- मिति २०८२ साल चैत ८ गते बसेको सभाको सातौं बैठकमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय यामलाल कडेलले 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक' सभासमक्ष टेबुल गर्नुभएको थियो ।
- मिति २०८२ साल चैत १० गते बसेको सभाको आठौं बैठकमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय यामलाल कडेलले सभामा पेश गर्नुभएको 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक' माथि सामान्य छलफल भएको थियो । यसैगरी कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय घनश्याम भण्डारीले सभामा पेश गर्नुभएको 'कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सभाको बहुमतले पारित भएको थियो ।
- मिति २०८२ साल चैत १५ गते बसेको सभाको नवौं बैठकबाट 'कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक' दफावार छलफलका लागि सामाजिक विकास समितिमा पठाइएको थियो । यसैगरी 'केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको थियो ।
- चालु अधिवेशनको आजसम्म जम्मा १० वटा बैठक बसी १३ घण्टा ४२ मिनेट व्यतित भएको छ ।

**आठौं अधिवेशन** *(असार मसान्तसम्मको विवरण)*

यस अधिवेशनमा सभाले सम्पादन गरेका प्रमुख कार्यहरू यसप्रकार छन्ः-

- कर्णाली प्रदेशसभाको आठौं अधिवेशनको पहिलो बैठक मिति २०८३ साल बैशाख २८ गते बसेको थियो ।
- मिति २०८३ साल बैशाख ३१ गते सभाको दोस्रो बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री माननीय राजीव विक्रम शाहले विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सभा समक्ष प्रस्तुत गर्नुभएको थियो ।
- मिति २०८३ साल जेठ ४ गते बसेको सभाको तेस्रो बैठक र जेठ ५ गते बसेको चौंथो बैठकमा विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) सभामा छलफल भएको थियो ।
- मिति २०८३ साल जेठ २० गते बसेको सभाको पाँचौं बैठकमा माननीय प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सभामा प्रस्तुत गरी सम्बोधन गर्नुभएको थियो ।

- मिति २०८३ साल जेठ २१ गते बसेको सभाको सातौं बैठकमा 'प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम' माथि छलफल भएको थियो ।
- मिति २०८३ साल जेठ २२ गते बसेको सभाको आठौं बैठकबाट 'प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम' सर्वसम्मतिले पारित भएको थियो ।
- मिति २०८३ साल असार १ गते बसेको सभाको नवौं बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय राजीव विक्रम शाहले 'कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक सर्वेक्षण सभासमक्ष पेश गर्नुभएको थियो । यसैगरी सभाको दशौं बैठकमा कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय राजीव विक्रम शाहले 'कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट)' प्रस्तुत गर्नुभएको थियो । यसैगरी सभाको एघारौं बैठकमा 'कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट), कर्णाली प्रदेश आर्थिक विधेयक, २०८३ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०८३' सभासमक्ष टेबुल भएको थियो ।
- मिति २०८३ साल असार १९ गते बसेको सभाको बीसौं बैठकबाट कर्णाली प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ लगायत आ.व. २०८३/०८४ को समग्र बजेट समेत' सर्वसम्मतिले पारित भएको थियो ।
- मिति २०८३ साल असार २२ गते बसेको सभाको एक्काइसौं बैठकमा अर्थ तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय दक्षिणा शाहीले 'कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

## कर्णाली प्रदेशसभाको बैठकको विवरण:

| अधिवेशन | प्रारम्भ | अन्तिम बैठक | अधिवेशन अन्त्य | बैठक संख्या | समय |
|---|---|---|---|---|---|
| पहिलो अधिवेशन | २०७९ पुष १८ | २०८० वैशाख १७ | २०८० वैशाख १७ | १५ | २०:०७:०९ |
| दोस्रो अधिवेशन | २०८० जेठ १० | २०८० असोज २२ | २०८० असोज २२ | ३९ | ४४:१६:४२ |
| तेस्रो अधिवेशन | २०८०फागुन३० | २०८१ वैशाख १७ | २०८१ वैशाख १७ | ११ | १२:५६:५० |
| चौथो अधिवेशन | २०८१ जेठ ११ | २०८१ असोज १५ | २०८१ असोज १५ | ३३ | ४६:१५:०० |
| पाँचौं अधिवेशन | २०८१ माघ ७ | २०८१ चैत्र १८ | २०८१ चैत्र १८ | ३१ | ३६:०१:०० |
| छैटौं अधिवेशन | २०८२ वैशाख २८ | २०८२ श्रावण २१ | २०८२ श्रावण २१ | ३४ | ६४:४२:४० |
| सातौं अधिवेशन | २०८२ माघ १८ | २०८२ चैत्र १५ | २०८२ चैत्र १५ | १० | १३:४२:०० |
| आठौं अधिवेशन | २०८३ बैशाख २८ | चालु रहेको | | २३ | |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः-

प्रमुखः श्री डा. अर्जुन कुमार खड्का

सूचना अधिकारी : शाखा अधिकृत श्री राजेन्द्र पौडेल

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

### ११.१ पारित नियमावलीः

| सि.नं. | नियमावलीको नाम | सभाबाट पारित मिति | सभामुखबाट स्वीकृत भएको मिति |
|---|---|---|---|
| १ | कर्णाली प्रदेशसभा नियमावली, २०८१ | २०८१/६/१४ | २०८१/०७/२८ |

### ११.२ कर्णाली प्रदेशसभाबाट पारित भएका विधेयकको विवरण (दोस्रो कार्यकाल)

| सि.नं. | विधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति |
|---|---|---|---|
| १. | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना र सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०४/८ | २०८०/०४/११ |
| २. | कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | मिति २०८१/१२/०६ समितिको प्रतिवेदन बमोजिम सभाबाट विधेयक फिर्ता भएको | |
| ३. | कर्णाली प्रदेश आर्थिक विधेयक २०८० | २०८०/०३/२६ | २०८०/०३/३१ |
| ४. | कर्णाली प्रदेश विनियोजन विधेयक २०८० | २०८०/३/२६ | २०८०/०३/३१ |
| ५. | कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/०८ | २०८१/१२/३१ |
| ६. | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/०५ | २०८१/१२/३१ |
| ७. | कर्णाली प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०६/२२ | २०८०/०६/२९ |
| ८. | स्थानीय सेवाको गठन,सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/०६/१५ | २०८१/०६/२९ |
| ९. | दलित समुदायको सशक्तिकरण र जीवनस्तर प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/०७ | २०८१/१२/३१ |
| १०. | कर्णाली प्रदेश आर्थिक विधेयक २०८१ | २०८१/०३/२१ | २०८१/०३/२७ |
| ११. | कर्णाली प्रदेश विनियोजन विधेयक २०८१ | २०८१/०३/२१ | २०८१/०३/२७ |
| १२. | कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१ | २०८१/११/२६ | २०८१/१२/१३ |
| १३. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/०४ | २०८१/१२/१३ |
| १४. | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१२/१८ | २०८१/१२/३१ |
| १५. | कर्णाली प्रदेश बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक | २०८१/१२/१२ | २०८१/१२/३१ |

| सि.नं. | विधेयकको नाम | पारित मिति | प्रमाणिकरण मिति |
|---|---|---|---|
| १६. | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक | मिति २०८२/०१/३० गते बसेको सभाको छैठौं अधिवेशनको दोस्रो बैठकबाट फिर्ता भएको | |
| १७. | कर्णाली प्रदेश आर्थिक विधेयक, २०८२ | २०८२/०३/२० | २०८२/०३/३१ |
| १८. | कर्णाली प्रदेश विनियोजन विधेयक, २०८२ | २०८२/०३/२० | २०८२/०३/३१ |
| १९. | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक | २०८२/०३/३२ | २०८२/०४/०६ |
| २०. | कर्णाली प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८२/०४/२१ | २०८२/०५/०५ |
| २१. | कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक | २०८२/१२/१० | २०८३/०१/०७ |
| २२. | केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०८२/१२/१५ | २०८३/०१/०७ |
| २३. | कर्णाली प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०८३/०३/१९ | २०८३/०३/३१ |
| २४. | आ. व. २०८३/८४ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८३/०३/१९ | २०८३/०३/३१ |

## हाल विधेयकको अवस्था

प्रदेशसभा सचिवालयमा दर्ता भएका जम्मा विधेयक संख्याः **२८ वटा**

प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका विधेयकको संख्या : **२२ वटा**

सभाबाट पारित भई प्रमाणीकरण हुन बाँकी विधेयकको संख्याः **x वटा**

सभाबाट छलफलका लागि विषयगत समितिमा पठाईएका विधेयक संख्याः **२ वटा**

प्रदेशसभा सचिवालयमा दर्ता भई सभामा टेबुल हुन बाँकी विधेयक संख्याः **छैन**

प्रदेश सभामा प्रतिवेदन पेश भई विचाराधीन विधेयकः **१ वटा**

फिर्ता गरिएका विधेयकः **३ वटा** *(दुई वटासभाबाट र एउटा सचिवालयबाट)*

## १२. आम्दानी, खर्च तथ आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरणः

| सि. नं. | वजेट उपशिर्षक | वार्षिक विनियोजन बजेट रू. | खर्च रकम रू. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २०२०००१३ प्रदेशसभा (सभामुख/उपसभामुख) | ७३४२०००.०० | ३७८७१३१ | ५१.५८% |
| २ | २०२०००११३ (प्रदेशसभा सदस्यहरू) | ७०३५९०००.०० | ४७०९१२४२ | ६६.९३% |
| ३ | २०२०००१२३ (प्रदेशसभा सचिवालय) | ५७०८६०००.०० | ४०५७४४५५.७९ | ७१.०८% |
| ४ | २०२०००१२४ (प्रदेशसभा सचिवालय) पूँजीगत | ९९३३०००.०० | ६१३६८०६ | ६१.७८% |

## १३. प्रदेशसभा सचिवालयले गरेको कार्यक्रमको विवरण

- प्रदेशसभाका समितिहरूको प्रतिवेदन तयारी तथा प्रकाशन
- लैङ्गिक हिंसा विरुद्धको विषयमा अन्तरक्रिया कार्यक्रम
- प्रदेशसभा दिवस कार्यक्रम
- जेन्जी आदोलनको क्रममा आगजनि भएका सभामुख भवन, विषयगत समितिका भवनहरु, राजनीतिक दलका भवनहरुको मर्मत सुधारको कार्य।
- सभा संचालनको लागि अस्थायी प्रकृतिको सभाहल निर्माण र संचालन।
- सभा हल र समितिमा आवश्यक पर्ने फर्निचर तथा कम्प्युटर, प्रिन्टरजन्य सामाग्रीको व्यवस्थापन।
- विषयगत समितिका निर्णयअनुसारका कार्य सम्पादन।
- जेन्जी आन्दोलनका क्रममा सभा सचिवलाय परिसरभित्र भएको फोहोरमैला व्यवस्थापन र सरसफाईजन्य कार्य सम्पन्न भएको।
- सभामुखज्यू तथा उपसभामुखज्यूको कार्यकक्ष रहेको भवन तथा सचिवालय भवन मर्मत सुधार।
- सचिवालयका कर्मचारीहरूको क्षमता विकास कार्यक्रम।
- प्रदेशसभा दिवस कार्यक्रम।
- समितिका हलहरूमा डिजिटल स्मार्ट वोर्ड जडान भएका छन्।

## १४. कर्णाली प्रदेशसभा सचिवालयको वेबसाइटको विवरण

कर्णाली प्रदेशसभा सचिवालयको वेबसाइट https://assembly.karnali.gov.np/np हो। साथै सभाको बैठकको प्रत्यक्ष प्रशारण प्रदेशसभाको युट्युव च्यानल https://www.youtube.com/@Karnaliprovinceassembly मा गएर समेत हेर्न सकिन्छ।

सचिवालयका गतिविधिहरूको विवरण https://www.facebook.com/pgakarnali मा गएर समेत हेर्न सकिन्छ।

*प्रकाशित मितिः २०८३ साल श्रावण १५ गते*

***